श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले देहायका कार्यालयहरूको सम्बन्धमा देहायबमोजिम गर्ने गरी मिति २०३९।१२।१६ मा निर्णय गरेको छ।

१. हाल नेपालगञ्जमा रहेको मध्यपश्चिमाञ्चल क्षेत्रीय सरकारी अधिवक्ता कार्यालयलाई २०४० साल वैशाख २ गतेदेखि सुर्खेतमा स्थानान्तरण गर्ने।

२. मध्य पश्चिमाञ्चल क्षेत्रीय सरकारी अधिवक्ता कार्यालय सुर्खेतमा सरेपछि खण्ड २३ मिति २०३०।१२।२९ अतिरिक्ताङ्क ८१ (क) को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उक्त क्षेत्रीय सरकारी अधिवक्ता कार्यालय नेपालगञ्जसँग गाभिएको सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालय भेरी अञ्चललाई अलग गरी नेपालगञ्जमा नै कायम गर्ने।

३. सुर्खेतमा रहेको सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयलाई मध्यपश्चिमाञ्चल क्षेत्रीय सरकारी अधिवक्ता कार्यालय सुर्खेतमा सरेपछि सोही कार्यालयमा गाभ्ने।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

६28

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।